**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**हुलाक सेवा विभाग**
**गोश्वारा हुलाक कार्यालय**
**सुन्धारा, काठमाडौं**

# हुलाक वस्तुहरु लिलाम सम्वन्धि शिलवन्दी वोलपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति**
**२०७५।०४।१४**

यस कार्यालयको शाखाहरुमा आन्तरिक तथा वाह्य रुपमा प्राप्त भएका हुलाक वस्तुहरु विभिन्न कारणहरुवाट डेलिभरी हुन नसकि लिलाम विकि गर्नुपर्ने भएकाले व्यक्ति,मूल्य अभिबृद्धि कर र आयकर दर्ता प्रमाण पत्र प्राप्त रजिष्टर्ड फर्म, कम्पनीहरु वा संस्थामध्येबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र रु.१० को टिकट टाँसी यस सूचनामा उल्लखित शर्तहरुको अधिनमा रही रीतपूर्बकको वोलपत्र खरिद गरी नियमानुसार शिलवन्दी वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१) यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट रु. १०००।-(फिर्ता नहुने गरी) तिरी वोलपत्र फारामहरु खरिद गर्न सकिनेछ ।
२) यसरी खरिद भएका वोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन भित्र दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नु पर्नेछ। म्याद भित्र दाखिला भएका वोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० बजे वोलपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिने छ। वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३) वोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा सो को लगतै कार्यालय खुलेका दिन उक्त कार्य हुनेछ ।
४) वोलपत्र साथ वोलपत्र दाताले आफूले कबोल गरेको रकमको १० % प्रतिशतका दरले हुन आउने कूल एकमुष्ठ रकम कोष तथा लेखा नियन्त्रकको कार्यालय भुक्तानी केन्द्र नं. १ त्रिपुरेश्वरको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकु शाखामा रहेको धरौटी खाता नं. १७००२०३ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।
५) वोलपत्र साथ अध्याबधिक फर्म/ कम्पनी दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण पत्रका प्रतिलिपि अनिबार्य रुपमा संलग्न गरेको हुनुपर्छ। तर व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ।
६) वोलपत्र फाराममा दर स्पष्ट बुझिने गरी अंकमा र अक्षरमा लेख्नु पर्ने छ। अंक र अक्षरको दर फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
७) रीत नपुगेको वा म्याद नाघी आएको तथा न्युनतम मूल्य भन्दा घटि अंकित भएको वा शर्त सहितको वोलपत्रउपर कुनै कारवाही हुनेछैन्।
८) वोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार यस कार्यालयमा निहीत रहने छ।
९) लिलाम गर्ने सम्पूर्ण समानहरुको जम्मा न्युनतम मूल्य रु.६,१७,१०५।- र त्यसमा नियमानुसारको मूल्य अभिवृद्धि कर १३ प्रतिशत ले हुन आउने रकम रु.८०,२२३/६५ जोडी जम्मा रु.६,९७,३२८/६५ कायम गरिएको छ।
१०) सम्वन्धित इच्छुक व्यक्तिले लिलाम हुने वस्तु हेर्न चाहेमा यस कार्यालयको पुलिन्दा शाखामा सम्पर्क राख्नु पर्ने छ।
११) उक्त सूचना यस कार्यालयको वेभ साइट www.gpo.gov.np वा हेर्न सकिने वा थप जानकारीको लागी कार्यालयको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।
१२) यसमा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि नियमावली २०६४ र प्रचलित ऐन नियम बमोजिम हुनेछ।